# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालसँग आई.एफ.सी. प्रतिनिधिमण्डलको भेट

गभर्नर डा. चिरंजीबि नेपालसँग विश्व बैंक समूहको संस्था अन्तर्राष्ट्रिय वित्त निगमको सुरक्षित कारोबार दर्ता सम्बन्धी विशेषज्ञ Ms. Elaine MacEachern को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले बैंकको केन्द्रीय कार्यालयमा २०७२ भदौ २३ गते भेट गरी नेपालको सुरक्षित कारोबार दर्ता व्यवस्था सम्बन्धमा छलफल गऱ्यो ।



सो भेटमा गभर्नर डा. नेपालले सुरक्षित कारोबार दर्ता सम्बन्धमा नेपालमा हालसम्मको नीति निर्माण र सोको कार्यान्वयन स्थिति सम्बन्धमा जानकारी गराउनुभएको थियो । साथै, उहाँले सुरक्षित कारोबार दर्ता कार्यान्वयनका सम्बन्धमा अन्तर्राष्ट्रिय वित्त निगमको प्राविधिक सहयोगको अपेक्षा राख्दै यसका लागि अन्तराष्ट्रिय वित्त निगमको अनुभव तथा प्राविधिक सहायता नेपालका लागि अन्यन्त उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सुरक्षित कारोबार दर्ता सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको कार्यान्वयनमा दृढतासमेत व्यक्त गर्नुभयो ।

भेटमा प्रतिनिधिमण्डल प्रमुख Ms. Elaine MacEachern ले सो विषयमा नेपालले गरेको हालसम्मको प्रगतिमा सन्तोष व्यक्त गर्नुका साथै सोको सफलताका लागि अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच समन्वयको आवश्यकता औंल्याउँदै यसका लागि प्राविधिक सेवा दिन निगम तयार रहेको जानकारी गराउनुभएको थियो ।

अन्त्यमा, गभर्नर डा. नेपालले नेपालको वित्तीय क्षेत्रको सुधार र साना तथा घरेलु उद्योग क्षेत्रको विकासमा निगमले पुऱ्याउँदै आएको सहयोग तथा योगदानका लागि धन्यवाद दिँदै नेपालको विकास प्रयासमा विश्व बैंक एवं अन्तर्राष्ट्रिय वित्त निगमको सहकार्यको सराहना गर्नुभएको थियो ।

सो अवसरमा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको समेत उपस्थिति रहेको थियो ।

२०७२ भदौ २३ गते, बुधवार

गभर्नरको कार्यालय